संघीय संसद

राष्ट्रिय सभा

**बाह्रौं अधिवेशन**

**बैठक - १८**

**सूचनापत्र -२**

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : २:५८ बजे*

२०७९ असार ०२, बिहीबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **अठारौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयोः

**माननीय तुलसा कुमारी दाहाल**ले नेपाल रेडक्रस सोसाइटिमा भएको राजनीतिकरणको बारेमा सदनको ध्यानाकर्षण गराउनुहुँदै यसलाई रोक्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय भगवती न्यौपाने**ले तनहुँमा चितुवाले आतङ्कित बनाएकोबारे जानकारी गराउनुहुँदै यसको नियन्त्रणका लागि सरकार समक्ष माग गर्नुभयो।

**माननीय माया प्रसाद शर्मा**ले जग्गा धितोमा राखेर ऋण प्रदान नगरिने प्रावधानको कारण विदेश अध्ययनको लागि जाने विद्यार्थीहरू मर्कामा पर्ने भएकाले यो प्रावधान हटाउन माग गर्नुभयो ।

**माननीय मृगेन्द्र कुमार सिंह यादव**ले State Partnership Program (SSP) को सम्बन्धमा नेपाली जनता भ्रमित भएकाले सत्यतथ्य सार्वजनिक गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय विमला घिमिरे**ले न्यायको माग गर्दै आमरण अनसनमा बसेकी निहारिका राजपूतलाई न्याय दिलाउन सरकर समक्ष माग गर्नुभयो।

**माननीय शारदा देवी भट्ट**ले वर्षातको समयमा हुने धनजनको क्षति न्यूनिकरणका लागि सरकारको कुनै पूर्वयोजना नभएको आरोप लागाउनुहुँदै यसको उचित व्यवस्थापन गर्न माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय दुर्गा गुरुङ**ले मनसुनमा हुने बाढी पहिरोले पुऱ्याउने गरेको क्षतिको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै यस समयमा तराईमा हुने डुबानको उचित व्यवस्थापन गर्न सरकार समक्ष माग गर्नुभयो । उहाँले सरकारले बजेट मार्फत कृषिको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने नीति अङ्गीकार गरेको भएतापनि कृषकले समयमा रासायनिक मल नपाएकाले समयमै रासायनिक मल उपलब्ध गराउन सरकार समक्ष माग गर्नुभयो ।

**माननीय देवेन्द्र दाहाल**ले इम्बोस्ड नम्बर प्लेट खरिद सम्झौतामा ४ अरब घोटला भएको खबरबारे स्पष्टिकरण, अनियमितता, भ्रष्टाचार मौलाएको, बजेट निर्माण गर्दा करको दर निर्धारणको क्रममा अनधिकृत व्यक्तिको पहुँच भएको खबर बाहिर आउँदा पनि अर्थमन्त्री चुपचाप बसेको भन्दै उहाँले अर्थमन्त्रीको राजिनामा माग गर्नुभयो । उहँले सदनमा उठेका सावलहरूमा मन्त्रीहरूको जवाफ नआएकाले सबै सवालहरूमा मन्त्रीको जावफ माग

गर्नुभयो ।

**माननीय नारायण काजी श्रेष्ठ**ले State Strategic Partnership (SPP) को सम्बन्धमा फरक फरक समाचार आएको कारण सदन र जनता भ्रमित भएकाले यस विषयमा रहेका अस्पष्टताहरू स्पष्ट पार्नका लागि सरकारको जावफ माग गर्नुभयो ।

**माननीय जयन्ती देवी राई**ले अतिरिक्त हुलाक कार्यालयमा कार्यरत कर्मचारी तलबमानमा न्युन भएकाले आन्दोलित रहेकाले यस समस्याको शीघ्र समाधान गर्न सरकार समक्ष माग गर्नुभयो। उहाँले महोत्तरीकी निहारिका बसन्तपुरमा आफ्नो माग राखेर आमरण अनसन बसिरहँदा पनि सरकारको ध्यान नगएको प्रति सरकारको ध्यानाकर्षण गराउनुहुँदै पीडकलाई कडा कारबाही र पीडितलाई न्यायको माग गर्नुभयो ।

**माननीय तुल प्रसाद विश्वकर्मा**ले State Strategic Partnership (SPP) को बारेमा अमेरिकी दूतावासले निकालेको विज्ञप्ति विवादास्पद रहेकाले यसको स्पष्टिकरण सरकारले सदन र जनातालाई यथाशीघ्र दिन माग गर्नुभयो। उहाँले State Strategic Partnership (SPP) सम्झौताका कारण नेपालमा अमेरिकी सेनाको गतिविधी बढेको र नेपालको हित नहुने प्रकारका विविध शर्तहरू लादिन थालेको बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय डा. विमला राई पौड्याल**ले काठमाडौंको बसन्तपुरमा आमरण अनसन बसेकी निहारिका राजपूतको न्यायको लागि अदालत र सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले मनसुन समयमै सुरु भएकाले कृषि अनुकूल मौसम भएतापनि सरकारले किसानलाई समयमा मल उपलब्ध गराउन नसक्दा कृषि उत्पादन घट्दै गएकाले मल उपलब्ध गराउन सरकार समक्ष माग गर्नुभयो ।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले State Strategic Partnership (SPP) ले नेपालको सार्वभौमसत्ता र राष्ट्रियतामा परेको आघातको बारेमा सञ्चार माध्यम, सामाजिक सञ्जालमा भएको बहसको बारेमा सरकारको ध्यानार्षण गराउनुहुँदै अमेरिकी दूतावासले निकालेको विज्ञप्तिमाथि आपत्ति जानउनुभयो । उहाँले यस सम्बन्धमा नेपाली सेनाले लिएको अडानका लागि नेपाली सेनालाई धन्यवाद दिनुभयो ।

**माननीय जितेन्द्र नारायण देव**ले नेपालको विदेश नीतिको बारेमा टिप्पणी गर्दा असंलग्नताको नीतिलाई विशेष खयाल गर्दै उचित शब्द चयन गर्न संसदहरूलाई आग्रह गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यहरूको कार्यभार तोकिएको सम्बन्धी देहाय बमोजिमका पत्रहरूको बेहोरा पढेर सुनाउनुभयोः

- "माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठ जर्मनी, बेल्जियम र फ्रान्स (युरोप) मा Learning and Knowledge Sharing on European Co-operative System and Good Practice on Agricultural, Fruit and Vegetable Cooperatives Market Development अध्ययन भ्रमण कार्यक्रममा सहभागी हुन मिति २०७९ जेठ ३० गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)

मुख्यसचिव

२०७९/२/२७

- "माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडू स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने विश्व व्यापार संगठनको बाह्रौं मन्त्रीस्तरीय सम्मेलनमा सहभागी हुन मिति २०७९ जेठ २८ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्काले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)

मुख्यसचिव

२०७९/२/३०

- "माननीय युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज (अथक) रसियाको मस्कोमा आयोजना हुने रसिया-नेपाल खेलकुद सहयोग कार्ययोजना सन् २०२२-२०२३(Action Plan for the Development of Cooperation in the Field of Physical Culture and Sports Between the Russian Federation and the Federal Democratic Republic of Nepal for 2022-2023 कार्यक्रममा सहभागी हुन मिति २०७९ जेठ ३० गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)

मुख्यसचिव

२०७९/२/३०

त्यसपछि सम्माननीय अध्यक्षले "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९" लाई सभा समक्ष पेश गर्न अनुमति दिनुभएपछि माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९" लाई सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" लाई सभा समक्ष पेश गर्न अनुमति दिनुभएपछि माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" लाई सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडालाई "शपथ सम्बन्धी विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले "शपथ सम्बन्धी विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शपथ सम्बन्धी विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार २ गते बिहीबार अपराह्न ३:१५ बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव